दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ९६ | बुटवल | २०८१ चैत २०, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Apr. 02, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## प्रधानमन्त्री बैंकक पुगे



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओली थाइल्यान्डको औपचारिक भ्रमण र बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक)को छैटौं शिखर सम्मेलनमा भाग लिने क्रममा मंगलबार थाइल्यान्डको बैंकक पुगेका छन् ।

प्रधानमन्त्री ओली मंगलबार साँझ बैंकक पुगेका हुन् ।

उनलाई सुवर्णभूमि अन्तर्राष्ट्रिय विमानस्थलस्थलको विशिष्ट कक्षमा थाइल्यान्डका उपप्रधानमन्त्री एवं यातायातमन्त्री सुरिया जङ्गाउनग्रेङकिट दम्पती, संस्कृति तथा खेलकुदमन्त्री सोरावोङ थेनबोङ दम्पती र थाइल्यान्डका लागि नेपाली राजदूत धनबहादुर वली, नेपालका लागि थाइल्यान्डका राजदूत सावापोङ सिरिसोर्नसहितले स्वागत गरे । थाइल्यान्डका प्रधानमन्त्री पे थोङ् थान् शिनावातको मैत्रीपूर्ण निमन्त्रणामा नेपालका प्रधानमन्त्रीबाट पहिलोपटक थाइल्यान्डको औपचारिक भ्रमण भएको हो ।

प्रधानमन्त्री ओलीको भ्रमण दलमा प्रथम महिला राधिका शाक्य, परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विश्णुप्रसाद रिमाल, आर्थिक-विकास सल्लाहकार डा युवराज खतिवडा, नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईलगायत छन् ।

## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल दैनिक १८ घण्टा सञ्चालनमा

काठमाडौँ । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल आजदेखि दैनिक १८ घण्टा सञ्चालनमा आएको छ ।

विमानस्थलको अभिवृद्धिका लागि गत कात्तिक २३ देखि यही चैत १८ गतेसम्म पाँच महिना दैनिक १० घण्टा विमानस्थल बन्द गरेर विमानस्थलको क्षमता अभिवृद्धिअन्तर्गत भौतिक संरचना निर्माणको काम गरिएको थियो । मंगलबारदेखि विमानस्थल बिहान ६:०० देखि राति १२:०० बजेसम्म खुला रहने विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले जानकारी दिए ।

उनका अनुसार विमानस्थलका ट्याक्सी-वेलाई धावनमार्गसँग जोड्ने लिङ्क वेको निर्माण सम्पन्न भएको छ । समानान्तर ट्याक्सी वे निर्माणको काम भने जारी रहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणअन्तर्गतको हवाइ यातायात क्षमता अभिवृद्धि आयोजनाले विमानस्थलको दक्षिण-पश्चिमतर्फ समानान्तर 'ट्याक्सी वे', उत्तरतर्फको 'इन्टरनेसनल एप्रोन' र विमानस्थलको पूर्वतर्फको 'ह्याङ्गर एप्रोन'लगायत विस्तारको काम गरिरहेको हो ।

यी काम पूरा गर्न करिब रु १५ अर्ब खर्च हुने आयोजनाले जनाएको छ । हालसम्म ९० प्रतिशत काम सम्पन्न भएको आयोजना प्रमुख दीपेन्द्र श्रेष्ठले बताए । रातिको समयमा गर्नुपर्ने विमानस्थलको भौतिक संरचनाको काम करिब सकिए पनि आयोजनाको सम्पूर्ण काम सक्न करिब डेढ वर्ष लाग्ने आयोजनाले जनाएको छ ।

अस्ताए दीपक बोहरा :

# भाषण नगरी चुनाव जिते, संसदमा बोल्न पाएनन्

**बोहराको निधनमा सिद्धार्थनगर नगरपालिकाले शोक बिदा दिएको छ भने उनको अन्त्येष्टी आज काठमाडौंमा हुनेछ ।**



**लुम्बिनी संवाददाता**

*भैरहवा*

रुपन्देही क्षेत्र नम्बर ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य तथा पूर्वमन्त्री दीपक बोहराको निधन भएको छ ।

लामो समयदेखि उपचाररत रहेका बोहराको मंगलबार बिहान काठमाडौंस्थित ओम अस्पतालमा निधन भएको हो । निधनपश्चात् उनको पार्थिव शरीर हेलिकप्टरमार्फत् गृहनगर भैरहवा ल्याइएको छ । गृहनगर ल्याइएको पार्थिब शरीरलाई गौतमबुद्ध विमानस्थलदेखि गल्लामण्डी, मिलनचोक, नारायणस्थान, बर्मेलीटोली, बुद्धचोक, नयाँ सडक, देवकोटाचोक, बैंकरोडलगायतका स्थानमा परिक्रमा गराई सिद्धार्थनगर-३ मा रहेको पार्टी कार्यालयमा श्रद्धाञ्जलीका लागि राखिएको राप्रपा रुपन्देहीका उपाध्यक्ष अजय कुमार गुप्ताले जानकारी दिए ।

रुपन्देही क्षेत्रका राजनैतिक तथा राप्रपाका नेता-कार्यकर्ता, स्थानीय बासिन्दा, विभिन्न जिल्लास्तरका नेताहरु, प्रदेशसभा सदस्यहरु, स्थानीय तहका जनप्रतिनिधि तथा शुभेच्छुकहरुरु भैरहवास्थित पार्टी कार्यालयमा पुगेर अन्तिम श्रद्धाञ्जली दिएका थिए ।

गृहनगरको श्रद्धाञ्जलीपछि उनको शव मंगलबार नै काठमाडौं लगिएको राप्रपाका केन्द्रीय सदस्य तोया नाथ लम्सालले बताए । ७४ वर्षीय बोहरा रुपन्देही क्षेत्र नम्बर ३ का सांसद हुन् । राप्रपाका वरिष्ठ नेता समेत रहेका उनी २०७७ साल जेठमा कोरोना भाइरसबाट संक्रमित भएपछि स्वास्थ्यमा समस्या देखिएको थियो । संक्रमणको केही समयपछि उनलाई पोस्ट-कोभिड लक्षणहरु लेखिएको थियो । स्वरमा परिवर्तन र समस्या देखिएकाले उनी चुनावी प्रचार-प्रसारकै क्रममा समेत बोल्न नसक्ने अवस्थामा थिए ।

दिल्ली र न्युयोर्क पुगेका बोहरा स्पिच थेरापी लिँदै आएका थिए । संसदमा निर्वाचित भएपछि पनि स्वास्थ्यमा सुधार नभएपछि उनी एकपटक पनि संसदमा बोल्न सकेनन् । पछिल्लो समय भने उनी घरमै स्वास्थ्य लाभ लिँदै आएका थिए । २०७९ को निर्वाचनमा तत्कालीन गृहमन्त्री एवं कांग्रेस नेता बालकृष्ण खाँणलाई पराजित गरेका बोहरा रुपन्देहीमा विकासप्रेमी नेताका रुपमा चिनिन्थे । बोहराको निधनले रुपन्देहीले विकासप्रेमी लोकप्रिय जनप्रतिनिधि र देशले होनहार राष्ट्रवादी व्यक्तित्व गुमाएको राप्रपा, रुपन्देहीका उपाध्यक्ष गुप्ताले बताए ।

बोहरा नेपालको राजनीतिमा झन्डै ४ दशकदेखि राप्रपामा क्रियाशील रहँदै आएका थिए । २०३६ सालमा रुपन्देहीबाट राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित उनी २०४२ सालको राष्ट्रिय पञ्चायत सदस्यमा समेत विजयी भएका थिए । उनी २०७० सालमा रुपन्देही निर्वाचन क्षेत्र नम्बर २ बाट संविधानसभा सदस्यमा निर्वाचित भएका थिए । उनी २०३८ सालमा पर्यटन राज्यमन्त्री र पर्यटन सहायकमन्त्री, २०४० मा पर्यटन राज्यमन्त्री, २०४३ मा निर्माण तथा यातायात राज्यमन्त्री, २०४४ मा निर्माण तथा यातायातमन्त्री, २०६७ मा वन तथा भूसंरक्षण मन्त्री, २०७२ मा श्रम तथा रोजगार मन्त्री, २०७३ सालमा आपूर्तिमन्त्री, २०७४ मा स्वास्थ्यमन्त्री बनेका थिए ।

पार्टी केन्द्रीय कार्यालयमा श्रद्धाञ्जली दिएर बुधबार पशुपति आर्यघाटमा उनको अन्त्येष्टी गरिने राप्रपाले जनाएको छ ।

रुपन्देही क्षेत्र नम्बर ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य (सांसद्) तथा पूर्वमन्त्री दीपक बोहराको निधनमा सिद्धार्थनगर नगरपालिकाले चैत २० गते बुधबार शोक बिदा दिएको छ ।

नगर कार्यपालिकाको मंगलबार बसेको बैठकले बुधबार बिदा दिने निर्णय गरेको नगरप्रमुख इश्तियाक अहमद खाँले बताए ।

» बाँकी ३ पेजमा

वनबाटिकाको अधिवेशन :

# किरण खरेल प्यानलको २४ बुँदे प्रतिबद्धता सार्वजनिक

धेरै संरचना बनिसकेको वनबाटिकालाई अब अनुसन्धान केन्द्रका रुपमा पनि विकास गर्दै बोटानिकल गार्डेन र प्रदेशिक चिडियाखाना स्थापनालाई प्राथमिकता दिने खरेलले बताए ।



तिलोत्तमा । शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र (वनबाटिका) को चौथो अधिवेशनअन्तर्गत इञ्जिनियर किरण खरेल नेतृत्वको प्यानलले आफ्ना प्रतिबद्धता सार्वजनिक गरेको छ । मंगलबार पत्रकार सम्मेलन गरी अध्यक्ष पदका उम्मेदवार किरण खरेलले २४ बुँदे घोषणापत्र सार्वजनिक गर्दै वनबाटिकालाई नेपालकै उत्कृष्ट र स्मार्ट पर्यटकीय गन्तव्य बनाउने प्रतिबद्धता गरे । उनले चार वर्षमा गर्न सकिने र सम्भव हुने कामलाई मात्रै प्राथमिकता दिएको बताए ।

धेरै संरचना बनिसकेको वनबाटिकालाई अब अनुसन्धान केन्द्रका रुपमा पनि विकास गर्दै बोटानिकल गार्डेन, प्रदेशिक चिडियाखाना स्थापना र संस्थापक अध्यक्ष स्वर्गीय बाबुराम अर्यालको स्मृतिमा वातावरणमैत्री पार्क निर्माणलाई पहिलो प्राथमिकता दिने खरेलले बताए ।

संस्थामा आर्थिक सुशासन र पारदर्शितालाई संस्थागत संस्कारका रुपमा विकास गर्दै डिजिटल प्रणालीलाई अवलम्बन गर्ने उनले बताए । एक लाख रुपैयाँभन्दा माथिका जुनसुकै निर्माणको काम टेण्डरमार्फत् प्रतिस्पर्धाबाट अघि बढाउने लक्ष्य समेत रहेको उनले बताए ।

वनबाटिकालाई नमूना पर्यटकीय स्थल बनाउन अभिन्न संस्था शंकरनगर सामुदायिक वन उपभोक्ता समूहसँगको मित्रवत सम्बन्ध र सहकार्यलाई थप मजबुत बनाई केन्द्रभित्र निर्माण भएको बहुउद्देश्यीय भवनलाई तिलोत्तमा नगरपालिकाको सहकार्यमा तत्काल सञ्चालनमा ल्याइनलाई पनि उच्च प्राथमिकता दिइने खरेलले बताए ।

यस्तै शंकरनगर चोकदेखि वनबाटिकासम्मको सडकको दायाँबायाँ क्षेत्रलाई विशेष आकर्षक बनाउन सौन्दर्यीकरण गरिने, स्मार्ट संग्रहालय र क्याक्टस पार्क निर्माण गरिने खरेलले बताए ।

यस्तै बहुउद्देश्यी पोखरी, विभिन्न थरिका फूलका विशिष्टिकृत पार्कहरु निर्माण गरिने, चिल्ड्रेन पार्कलाई थप स्तरीय र विस्तारित गरिने योजना रहेको खरेलले जनाए । यस्तै पिकनिक स्पटलाई शून्य फोहोर स्थल बनाइन फालिएका खानेकुरालाई प्रशोधन गरी चिडियाखानामा रहेका जनावरको आहाराका रुपमा प्रयोग गरिने, व्यवस्थित सवारी साधन पार्किङ् स्थल र विद्युतीय सवारी साधन चार्जिङ स्टेसन बनाइने योजना रहेको खरेलले बताए ।

संयुक्त प्यानलकी सचिव पदकी उम्मेदवार हरिकला अधिकारी (कमला)ले स्मार्ट बत्ती, स्वचालित टिकटिङ, तथा निगरानी प्रणाली राखी पूर्ण प्रविधिमैत्री बनाइने, काष्ठकला कार्यशाला आयोजना गरी शिल्पीहरुमार्फत् काठबाट विभिन्न कला सिर्जना गरी ठाउँ ठाउँमा राखी आकर्षणयुक्त बनाइने, क्रंक्रिट संरचना निर्माणलाई निरुत्साहित गरी वातावरण र पर्यावरणमैत्री संचरनामा जोड दिइने बताइन् ।

वन वाटिकाभित्र विभिन्न राजनीतिक दल निकट संस्थाहरुले निर्माण गरेका पार्कहरुलाई थप स्तरोन्नति गर्न पहल गरिने उनले बताइन् । आफ्नो टिम समावेशी भएको र निर्वाचनमा विजयी भए पछि सबै पक्षलाई उपयुक्त जिम्मेवारी दिएर संस्थालाई सबैको साझा थलो बनाउने खरेलले बताए । कोषाध्यक्षका उम्मेदवार मनिराम भट्टराईले ३२ जनाले रोजगारी पाएको वनबाटिकामा मासिक १० लाख रुपैयाँ सञ्चालन खर्च हुने गरेको बताए । यहाँ वर्षमा ४ लाख पर्यटक भित्रिने गरेका छन् ।



## सम्पादकीय

# विवादमा अल्झने होइन्, सहमतिमा अघि बढ

काठमाडौं महानगरपालिकाका कर्मचारीले तीन महिनादेखि तलब पाइरहेका छैनन् । कारण हो, महानगरपालिकामा प्रमुख कार्यकारी अधिकृत छैनन् । नगरप्रमुख बालेन्द्र साहले प्रमुख कार्यकारी अधिकृत सरोज गुरागाईंलाई काठमाडौं टावरको स्वीकृति र नक्सा पासको विषयलाई लिएर बिदामा बस्न भने । उनी बिदामा बसे । प्रमुखले बनाएको छानविन समितिले गुरागाईंलाई निर्दोष सावित गऱ्यो, तर नगरप्रमुख उनलाई हाजिर गर्न दिने मुडमा छैनन् । उनी नयाँ कार्यकारी अधिकृत पठाइदिन संघीय सरकारलाई भनिरहेका छन् ।

शिष्टता र मर्यादाको ख्याल नगरी उनले अभद्र शैलीमा गरेको आग्रह अस्वभाविक छ । एउटा जनप्रतिनिधिले गर्नुपर्ने व्यवहारको हेक्का नराख्नु उनको कमजोरी हो । कार्यकारी अधिकृत नपठाए टुकुचामा गाड्ने भन्दै अभद्र शैलीमा गरेको उनको आग्रह अस्वभाविक छ । निर्दोष कर्मचारीलाई हाजिर गर्न नदिने उनको कमजोरी हो । संघीय सरकारले पठाएको कर्मचारीलाई हाजिर गर्न नदिने, विनाकारण अपमान गर्ने उनको विवेकहीन कार्य हो । नयाँ कर्मचारी नपठाइदिएपछि अभद्र शैलीमा आक्रोश व्यक्त गरेर उनले गैरजिम्मेवारी देखाएका छन् । महानगरपालिकामा उनले गरेका कतिपय निर्णय र कामले उनको प्रशंसा नचुलिएको होइन् । काठमाडौंको फोहर व्यवस्थापनमा उनले मिहिनेतपूर्वक काम गरे । माध्यमिक तहको शिक्षा सुधारका लागि गरेको पहल पनि राम्रै छ । ट्राफिक व्यवस्थापनमा प्रहरीसँग गरेको सहकार्यले पनि सकारात्मक नतिजा दिएको छ । यी राम्रा कामले प्रशंसा चुलिएपछि उनको अहंकार बढेको छ । संघीय सरकारका युनिटहरुसँग सहकार्य गरेर नतिजा आफ्नो पोल्टामा पार्न संभव हुँदाहुँदै आक्रोश व्यक्त गर्ने शैलीले उनको असहिष्णु नेताको छवि बनेको छ ।

काठमाडौं टावरको स्वीकृति र नक्सापासको सम्बन्धमा पहिलेदेखि नै विवाद छ । यो विषयमा प्रमुख बालेन्द्र साह पनि संलग्न छन् । आफूलाई विवादमा बाहिर निकालेर कर्मचारीलाई दोषी देखाउने प्रवृत्ति पनि उनको गलत नै छ । प्रमुख कार्यकारी अधिकृत गुरागाईंले नियम विपरीत काठमाडौं टावरको नक्सा स्वीकृत गरेको भन्दै साहले पहिले उनलाई सात दिन बिदा बस्न भने । नक्सा स्वीकृत गर्ने उनको निर्णयबारे छानबिन गर्न गठित समितिले गुरागाईंको निर्णय गलत नभएको भन्दै प्रतिवेदन तयार गरेपछि प्रमुख साहले प्रतिवेदन नै बुझेनन् । उनले निर्दोष कार्यकारी अधिकृतलाई कार्यालयमा हाजिर गर्न दिएर संघीय सरकारसँग सहकार्यको वातावरण तयार गर्नुपर्छ । कर्मचारी प्रशासन स्थायी सरकार हो । उनीहरुलाई जनप्रतिनिधिले गर्ने व्यवहार सहिष्णु हुनुपर्छ । उनीहरुसँगको सहकार्यले नै सरकारले नागरिकका अपेक्षा पूरा गर्ने हो । विकासको प्रतिफल र नतिजा हासिल गर्ने हो ।

संविधानले तहगत सरकारबिच सहकार्य र समन्वयको परिकल्पना गरेको छ । नेपालको संघीयता सहकारी संघीयता हो । संघीय सरकारको कमजोरी भए उनले खबरदारी गर्दा नागरिकको साथ रहन्छ नै, कमजोरी आफैं गर्ने तर आक्रोश संघीय सरकारसँग पोख्ने शैली अपरिपक्क छ । प्रधानमन्त्रीदेखि संघीय सरकारको मन्त्रालयको कर्मचारीसँग सामाजिक सञ्जालमा आक्रोश पोखेर समस्याको समाधान हुँदैन् भन्ने हेक्का नहुनुले बालेन्द्र साहको कमजोरी छर्लङ्ग पारेको छ ।

प्रमुख कार्यकारी अधिकृत गुरागाईंलाई कार्यालयमा जाने वातावरण तयार गर्दा बालेन्द्र साहको प्रतिष्ठा घट्दैन, बरु बढ्छ । विधिको शासन स्थापित हुन्छ । अहिलेसम्मको विवादलाई बिर्सेर उनले गठन गरेको आयोगले निर्दोष सावित गरेका कार्यकारी अधिकृत गुरागाईंलाई कार्यालयमा हाजिर गर्न दिनुपर्छ । केही समयमै नयाँ कार्यकारी अधिकृत चाहे संघीय सरकारसँग माग गर्न सक्छन् । सहकार्यको ढोका उनले नै खोल्नुपर्छ ।

# संघीयताको विकल्प केन्द्रीयता होइन !



नगेन्द्रराज पौडेल

*गणतन्त्र जनतालाई सर्वोपरि ठान्ने उत्तम व्यवस्था हो । यसकारण नेपाल, चीनलगायत भारत, अमेरिकासमेत विश्वका १ सय ५९ देशमा गणतान्त्रिक व्यवस्था छ । हाम्रो गणतन्त्र दुई दशकका नजिक पुगेको छ । विगतमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका लागि पटकपटकका पुस्ताले आन्दोलन गरेकाले ती आन्दोलन, आन्दोलनका मिति र उपलब्धिको ऐतिहासिक महत्व छ । ती उपलब्धिलाई सुरक्षित राख्न र तिनका भावना आत्मसात् गरी सोहीअनुरूप चल्न सकेमा मात्र गणतन्त्र सार्थकता सिद्ध हुन्छ । गणतन्त्रको उद्देश्य प्राप्तिका लागि अग्रसर हुन सकेमा मात्र सो आन्दोलनमा योगदान दिएका सबैको सम्मान हुन सक्छ ।*

हामीकहाँ यतिबेला राजतन्त्रका अनर्थक बहस भइरहेको छ । प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा पूर्वराजाले दिएको अभिव्यक्तिलाई लिएर विभिन्न चर्चा-परिचर्चा भइरहेका छन् । एकथरी राजा आऊ देश बचाऊको नारा लगाइरहेका छन् । नेकपा माओवादीसहित समाजवादी मोर्चाले राजतन्त्रका पक्षमा देखिएको नारा, जुलुस र वक्तव्यको सशक्त रूपमा प्रतिवाद गर्दै गत १५ चैतमा काठमाडौंमा बृहत् प्रदर्शन गऱ्यो । गणतन्त्रका पक्षधरहरूको व्यापक सहभागिता भएको सो भेलाले राजतन्त्रको मुद्दा खारेज गरिदिएको सहजै अनुमान गर्न सकिन्छ ।

राजावादीहरूले पनि सोही दिन काठमाडौंस्थित तीनकुनेमा आम भेलाको आयेजना गरे । राजतन्त्रका पक्षमा जम्मा भएका उनीहरूको भीड अन्ततः हिंसामा परिणत भयो । मानवीय क्षति गऱ्यो । उनीहरू आगजनी, तोडफोड र लुटपाटमा उत्रिए । यद्यपि उनीहरू यसको जिम्मा सरकारले लिनुपर्ने बताएका छन् भने सरकारले पूर्वराजाको कारण यो घटना घटेको प्रारम्भिक अनुमान गरेको छ । पूर्वपञ्च नवराज सुवेदीको संयोजकत्वमा उनीहरूले समिति नै बनाएर भिडेका भए पनि सो दिनको नेतृत्व मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई दिइएको थियो ।

यतिबेला संघीयता खारेजी, नेपाललाई हिन्दूराष्ट्र बनाउनुपर्ने, संवैधानिक राजतन्त्रको बहालीलगायतका माग आन्दोलन पक्षले अघि सारेका छन् । तर, नेपालमा संविधानसभाबाट गणतान्त्रिक संविधान लामो समयको संघर्ष र बलिदानीबाट प्राप्त भएको हो । यसैका आधारमा संघीयता आएको हो । तसर्थ संघीयतामा देखिएका विकृति, विसंगति र बेथितिलाई हटाएर यसलाई अझै राम्रो, अझै सुदृढ बनाउन सकिएला, तर संघीयताबिनाको नेपाल कल्पना गर्न पनि सकिँदैन ।

**षड्यन्त्रपूर्ण विगत**

२००७ सालदेखि थाती रहेको संविधानसभाको मुद्दा राजाकै कारण लामो समयसम्म पूरा हुन पाएको थिएन । अन्ततः तत्कालीन नेकपा माओवादीले यो मुद्दालाई दरै गरी उचाल्यो । माओवादीसँग नेपालका सात राजनीतिक दलको ऐक्यबद्धताकै परिणामस्वरूप २०६२/०६३ को जनआन्दोलनमार्फत यो मुद्दाले सफलता पायो । विघटन भइसकेको तत्कालीन प्रतिनिधिसभा ब्युँतियो । ब्युँतिएको सभाबाट संविधानसभाको चुनावको घोषणा, राजतन्त्र निलम्बन, श्री ५ को सरकारको सट्टा नेपाल सरकारको प्रयोगजस्ता बग्रेल्ती विषयमा निर्यणय गरिए । २३० वर्षभन्दा बढीको इतिहास बोकेको राजतन्त्र पनि यी निर्यणको खिलाफमा जान सकेन ।

**सुधार आवश्यक**

संघीयता घाँडो भयो भन्ने केही अतिवादी शक्ति र संघीयताको दुरुपयोग गर्ने प्रवृत्तिविरुद्ध मितव्ययी व्यवस्थापन र लोकतान्त्रिक अभ्यासद्वारा जवाफ दिन जरुरी छ । घरघरमा सिंहदरबारको अवधारणालाई प्रदेशमा मन्त्रिमण्डल ठूलो बनाएर र खर्च बढाएर भन्दा पनि प्रत्येक नागरिकलाई घरआँगनबाट सेवा दिएर सार्थक बनाउन सकिन्छ । मितव्ययीता संघीयतामा झनै आवश्यक छ । जनताले घर, आँगनबाट सरकारका गतिविधिहरू नियाल्न सक्ने सामर्थ्य संघीयतामा हुन्छ । यसकारण पनि जनताको हेराइमा 'हाम्रो सरकार, राम्रो सरकार' बन्न सक्नुपर्छ । संघीयताको सफलताका लागि प्रयत्न गर्नु नै आजको पहिलो आवश्यकता हो ।

विश्वका धेरैजसो संघीय लोकतन्त्र अभ्यास गरेका मुलुकले दुई तहको संघीयता अवलम्बन गरेको देखिन्छ । स्थानीय तथा प्रदेश तहका संरचना केन्द्र तहका विस्तारित विङ्सका रूपमा सेवा प्रवाहमा सीमित रहन्छन् । जति धेरै शासकीय तह बन्यो, त्यति नै बढी जनताको सहभागिता र सशक्तीकरणाका लागि अवसर प्राप्त हुन सक्छ भन्ने एकथरी मान्यता र जति धेरै तह बन्यो त्यति नै बढी जटिलता र कठिनाइ उत्पन्न भई यिनको व्यवस्थापन गर्न कठिन हुन्छ भन्ने अर्कोथरी मान्यता पनि देखिन्छ । ती जटिलताहरू संघ, प्रदेश र स्थानीय तहबिचको कार्यक्षेत्र, स्रोत परिचालन र विभाजनमा देखिन सक्छन् । तर, संघीयतामा धेरै तह स्थानीय स्रोतसाधनको उपयोग र परिचालन हेतु आवश्यक पनि मानिन्छन् । कुरा कतिसम्म मात्र हो भने, धेरै तहमा विभाजित संघीय शासन व्यवस्थामा शक्ति, स्रोत र साधनको अभ्यासलाई भने निकै सावधानीपूर्वक लिनुपर्ने हुन्छ । एकअर्काको अधिकार क्षेत्रलाई बिर्सनुहुँदैन । द्वन्द्वको अवस्था सिर्जना हुन नदिनका लागि भए पनि क्षेत्राधिकारलाई ख्याल गर्नुपर्ने हुन्छ र साझा सूचीका विषयमा प्रस्ट हुनुपर्ने हुन्छ । हाम्रो संविधानले पनि यसका लागि एकल अधिकार, द्वैध अधिकार र त्रिपक्षीय अधिकारका लागि साझा सूची नै बनाएर संविधानको अनुसूचीमा उल्लेख गरिएको छ । यसले गर्दा प्रणाली विकास र समन्वय संयन्त्रको भूमिकालाई थप उजागर गरेको देखिन्छ ।

हाम्रो संघीय पद्धति पनि मौलिक खालको नै देखिन्छ । हाम्रो संघीयता केन्द्रीकृतका हिसाबले न त मलेसियाको जस्तो अतिकेन्द्रीकृत छ, न त भारतको जस्तो सामान्य केन्द्रीकृत नै । विकेन्द्रीकृतका हिसाबले हेर्दा न त स्वीस गणतन्त्रको जस्तो अति विकेन्द्रीकृत छ, न त अमेरिकाको जस्तो सामान्य विकेन्द्रीकृत नै । यसैले हाम्रो संघीयता मौलिक प्रकारको छ । संविधानका साझा कार्यसूची र कार्य जिम्मेवारी हेर्दा यसलाई सहकारितामूलक संघीयता भन्न सकिन्छ । हाम्रो संघीय शासन पद्धतिले सहशासन र तहहरूबिचको अन्तरसम्बन्ध र समन्वयको अपेक्षा गर्छ । त्यसैकारण संघीयताको सफलताका लागि आरम्भदेखि नै सबै तहबिच समन्वय र सहकार्यको संस्कृति विकास गरी साझा दृष्टिकोण र धारणा विकास गर्न जरुरी देखिन्छ । दुःखद पक्ष के रह्यो भने संविधानको अनुसूचीमा उल्लिखित क्षेत्राधिकारका आजसम्म पनि ऐन, कानुन बन्न सकेका छैनन् । यसले गर्दा कतै संघको अधिकारमा स्थानीय तह तथा प्रदेशको आँखा लागेको छ भने कतै संघले स्थानीय तथा प्रदेशमा अतिक्रमण गरेको आरोप खेप्नुपरेको छ । यसलाई निवारण गर्न प्रत्येक तहको अधिकार क्षेत्रलाई यकिन गरी कानुन बनाउन जरुरी छ । संसद्ले दुई कार्यकाल पूरा गर्नै लाग्दा पनि कानुन बन्न नसक्नु दुःखद पक्ष रह्यो ।

हो, हामी एकात्मक राज्यप्रणालीबाट संघीय राज्य व्यवस्थामा रूपायित हुँदा अलिकति आशंका, अलिकति अपेक्षा र अलिकति महत्वाकांक्षा रहनु अस्वाभाविक हुँदैन र होइन पनि । कुरो के मात्र हो भने, शासन व्यवस्थासम्म भर्खर टुंगो लागेको वर्तमान सन्दर्भमा तत्काल संघीयता नै सबै समस्याको सर्वोषौधि हो भन्ने सोच स्वयं संघीयताका हिमायतीका लागि पनि हानिकारक हुन्छ । विरोधीहरूका लागि त झन् यो महत्वपूर्ण खजाना बन्ने नै भयो । संघीयता ल्याउने, संघीयतामा शासन गर्ने र यसअन्तर्गत शासित हुने हामी सबै नेपालीका लागि यो बिलकुल नवीन अभ्यास र नौलो प्रयोग भएकाले हाताहातै शुभलाभको कल्पना निरर्थक छ । यस व्यवस्थाले सिर्जना गरेका ७ सय ५३ स्थानीय तह, ७ प्रदेश, एउटा संघ र यसअन्तर्गत स्थापना हुने अन्य विविध राजनीतिक तथा प्रशासनिक संरचनाको छिनोफानो छिटो गरेर यसका अवयवको विकास र विस्तार गर्न सकेको खण्डमा मात्र संघीयताको आधारभूत चरण पूरा हुन गई विकास र समृद्धिका लागि तत्पश्चात् अन्य काम गर्न बाटो खुल्ने थियो । भनिन्छ सुस्त सरकार रुल र रुटिङमा रमाउँछ । अहिलेको बेला सुस्तता र धीमा गतिमा हिँड्ने बेला होइन । युद्धस्तरमा संघीयताको कार्यान्वयन गर्ने बेला हो । तसर्थ अहिलेको समय संघीयताबाट अपेक्षा गरिहाल्ने समय पनि होइन, यसको जग मजबुत बनाउने समय हो । कामधेनु गाईझैं संघीयताबाट तत्काल सबैथोकको आशा त्याज्य नै बनाउनुपर्छ । संघीयताले के दियो भन्नुभन्दा पहिला यसको स्थायित्वका लागि हामीले संघीयतालाई के दियौं भन्ने यक्षप्रश्न नै अहिलेका लागि सान्दर्भिक र स्वाभाविक चासोको विषय बन्नुपर्छ ।

संविधान र व्यवस्था मात्र असल भएर हुँदैन । नेतृत्वकर्ता खराब भए भने समस्या पैदा हुन्छ । विगतमा अपरिपक्व नेताका कारण छोटो समयमै हाम्रो संघीय शासन व्यवस्थामा प्रश्नचिह्न लाग्ने जुन परिस्थिति सिर्जना भयो, यो दुर्भाग्यपूर्ण छ । संघीयताको विकल्प अझ रामो संघीयता नै हो । केन्द्रीयता वा राजतन्त्र होइन । हामीले राणाशासन, निरंकुश राजतन्त्र, संवैधानिक राजतन्त्रलगायतका शासन व्यवस्थाको अनुभव गरेका छौं । सबै खालका शासन व्यवस्थाको अनुभवका कारण नेपाल संघीयतमा प्रवेश गरेको हो । असल अभिभावकत्व नभएका कारण संघीयताले अपेक्षित परिणाम दिन नसकेको सत्य हो । कर्मचारी व्यवस्थापन, कानुन र संस्थागत संरचनाको निर्माण, क्षमता अभिवृद्धि, वित्तीय स्रोत र साधनको वैज्ञानिक बाँडफाँट र प्रयोग आदिका क्षेत्रमा समन्वयात्मक किसिमले अगाडि बढ्नुपर्छ । संघीयतासँग तेर्सिएका सबै खालका समस्यासँग जुध्दै यसलाई मजबुत र सबलीकरण गर्नुको विकल्प अब हामीसँग छैन ।

अहिले नेपालले अंगीकार गरेको संघीय गणतान्त्रिक राज्य व्यवस्था कुनै व्यक्ति विशेषको लहडमा प्राप्त भएको व्यवस्था होइन । न त कसैले अनुनय विनयमा दिएको बक्सिस नै हो । २००७ सालदेखि थाती रहेको संविधानसभाबाट संविधान बनाउने नेपालीको चाहना विभिन्न मितिमा भएका ऐतिहासिक जनआन्दोलनपश्चात् पूरा भएको हो । २०६३ सालको ११ वैशाखमा आइपुग्दा दलहरूकै मागबमोजिम तत्कालीन राजा ज्ञानेन्द्रद्वारा देशवासीका नाममा सम्बोधन गरी विघटित प्रतिनिधिसभा ब्युँताइयो । पुनःस्थापित प्रतिनिधिसभाको पहिलो बैठकले संविधानसभामार्फत् संविधान बनाउने संकल्प प्रस्ताव पास गऱ्यो । संविधानसभाको निर्वाचन भयो । १५ जेठ २०६५ मा बसेको पहिलो संविधानसभाको बैठकद्वारा २ सय ४० वर्ष लामो इतिहास बोकेको राजतन्त्र फालिई गणतन्त्रले संस्थागत स्वरूप लिएको हो । सोही निर्णयअनुसार २९ जेठ २०६५ का दिन तत्कालीन राजा ज्ञानेन्द्र शाह राजदरबारबाट बाहिरिएसँगै राजतन्त्रले आफ्नो विरासत गुमाएको हो । संविधानसभाले ३ असोज २०७२ मा नेपालको संविधान जारी गरेपछि नेपाल पूर्णरूपमा संघीय गणतान्त्रिक राज्य व्यवस्था अँगाल्दै अघि बढेको छ । यो आजको वास्तविकता हो ।

आज हामीकहाँ संघीयतासहितको गणतान्त्रिक राज्य व्यवस्था छ । राज्यको पुनःसंरचना भई राज्य १ संघ, ७ प्रदेश र ७ सय ५३ स्थानीय तहमा विभक्त छ । संघीय सरकारदेखि प्रदेश हुँदै स्थानीय सरकार कार्यरत छन् । एकात्मक राज्य व्यवस्थाको अन्त्य भएको छ । धर्म निरपेक्षता, समावेशिता, संघीयता र गणतन्त्रजस्ता विषय राज्यका अभिन्न अंग बनेका छन् । यो परिस्थितिमा भूतपूर्व भइसकेको एउटा संस्थाको पुनरोदयका लागि गरिएका क्रियाकलाप र कथित आन्दोलनका नाममा देखिने गैरसंवैधानिक गतिविधि कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन । इतिहासमा सीमित राजतन्त्रका पक्षमा देखिने भीड वा लगाइएका नाराले वर्तमान संविधान, प्रचलित कानुन र संहितालाई चुनौती दिन मिल्दैन ।

**संविधानसभामार्फत् गणतन्त्रको यात्रा**

हामीकहाँ तत्कालीन नेकपा माओवादीको १० वर्षे जनयुद्ध र सात राजनीतिक दल तथा नेकपा माओवादीबीच भएको सहमति, २०६२/०६३ मा भएको १९ दिने जनआन्दोलनसमेतका आधारमा संविधान सभामार्फत् ३ असोज २०७२ मा संघीय लोकतान्त्रिक राज्य व्यवस्थासहितको गणतान्त्रिक संविधान जारी गरिएको हो । २४० वर्ष राज गरेको एकात्मक राजतन्त्रात्मक राज्य व्यवस्थालाई राष्ट्रपतीय प्रणाली अंगीकार गरेको गणतन्त्रात्मक संघीय व्यवस्थाले प्रतिस्थापन गरेको हो । बिनारक्तपात राजतन्त्र बिदाइ भएको गौरवमय इतिहास हाम्रासामु छ । यस्तो परिवर्तन संसारका अन्य देशमा विरलै मात्र देख्न पाइन्छ ।

गणतन्त्र जनतालाई सर्वोपरि ठान्ने उत्तम व्यवस्था हो । यसकारण नेपाल, चीनलगायत भारत, अमेरिकासमेत विश्वका १ सय ५९ देशमा गणतान्त्रिक व्यवस्था छ । हाम्रो गणतन्त्र दुई दशकका नजिक पुगेको छ । विगतमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका लागि पटकपटकका पुस्ताले आन्दोलन गरेकाले ती आन्दोलन, आन्दोलनका मिति र उपलब्धिको ऐतिहासिक महत्व छ । ती उपलब्धिलाई सुरक्षित राख्न र तिनका भावना आत्मसात् गरी सोहीअनुरूप चल्न सकेमा मात्र गणतन्त्र सार्थकता सिद्ध हुन्छ । गणतन्त्रको उद्देश्य प्राप्तिका लागि अग्रसर हुन सकेमा मात्र सो आन्दोलनमा योगदान दिएका सबैको सम्मान हुन सक्छ । यसो हुँदा गणतन्त्रको विकल्पमा जनता सडकमा गएको देख्नुपर्ने छैन । गणतन्त्रका विरुद्ध नाराबाजी सुनिनेछैनन् । (राजधानीबाट)

# नेप्से परिसूचक दोहोरो अङ्कले घट्यो



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार दोहोरो अङ्कले घटेको छ । नेप्से परिसूचक १६ दशमलव ९५ अङ्कले घटेर दुई हजार ६७६ दशमलव १७ विन्दुमा कायम भएको हो ।

३२० कम्पनीका एक करोड छ लाख ७० हजार ६४९ कित्ता शेयर ५६ हजार ५४८ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ७९ करोड ७७ लाख ९१ हजार ७०० बराबरको कारोबार भएको छ ।

कारोबारमा व्यापार समूह तीन दशमलव ८० प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ समूह शून्य दशमलव ७४, विकास बैंक शून्य दशमलव ९५, वित्त एक दशमलव ८४, होटल तथा पर्यटन एक दशमलव ७४, जलविद्युत् शून्य दशमलव ९९ र लगानी शून्य दशमलव ४४ प्रतिशतले घटेको छ ।

त्यस्तै, जीवन बिमा शून्य दशमलव ६३, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५२, लघुवित्त एक दशमलव १०, म्युचुअल फन्ड शून्य दशमलव शुन्य दशमलव दुई, निर्जीवन बिमा शून्य दशमलव ३८ र अन्य समूह एक दशमलव ३९ प्रतिशतले घटेको छ ।

गार्डियन माइक्रोलाइफ इन्सुरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य पाँच दशमलव ५६ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्सुरेन्स लिमिटेडको रु ६४ करोड २५ लाख ६६ हजार ६२२ बराबरका छ लाख २७ हजार ३०९ कित्ता शेयर किनबेच भएका छन् ।

# गर्मीमा खरबुजाको सेवन, स्वास्थ्यका लागि फाइदा नै फाइदा !

गर्मीको मौसम सुरु भइसकेको छ । गर्मी लागेसँगै विभिन्न प्रकारका फलफूलहरु बजारमा आउने गर्छन् । फलफूल पोषक तत्वले भरिएको हुन्छ । गर्मीको मौसममा तरबुजा, खरबुजा धेरै मात्रामा खपत हुने गर्छन् । गर्मी मौसमका लागि खरबुजाको सेवन सबैभन्दा फाइदाजनक छ ।

यसको सेवनले शरीरलाई ताजा महसुस गराउँछ । यसमा क्याल्शियम, आइरन, भिटामिन ए र भिटामिन सीको मात्रा भरपुर मात्रामा पाइन्छ । यसले मिर्गौला, रक्तचाप र आँखाका लागि फाइदा गर्छ । मधुमेहका रोगीका लागि यो निकै फाइदाजनक हुन्छ ।

खरबुजामा जीआईको मात्रा कम हुन्छ । यसको कारण चिनीको मात्रा नियन्त्रणमा रहन्छ । कब्जियतका रोगीका लागि खरबुजा निकै फाइदाजनक मानिन्छ ।



किनकी यसमा फाइबरको मात्रा अत्यधिक हुन्छ । जसले कब्जियतको समस्याबाट छुटकारा दिलाउँछ । यसका साथै, खरबुजामा भिटामिन सी र एन्टिअक्सिडेन्टको स्रोत पनि पाइन्छ । यसले रोग प्रतिरोधी क्षमताको पनि विकास

डाक्टरका अनुसार मुत्रथैलीमा हुने संक्रमणबाट पीडित व्यक्तिहरुका लागि खरबुजा निकै फाइदाजनक हुन्छ ।

यसले शरीरका विषाक्त पदार्थहरु बाहिर निकाल्ने काम गर्छ । यसको सेवनले पेटलाई सफा राख्छ । गर्मीमा खरबुजाको सेवन गर्दा छालामा यसको असर देखिन्छ र छाला मुलायम हुन्छ । यसले गर्मीमा शरीरमा पानीको मात्रा पनि कम हुन दिँदैन ।



**रासायनिक मलः**

दाङको घोराही उप-महानगरपालिका-१५ स्थित कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय घोराहीमा बर्खे बालीका लागि किसानलाई सहुलियत दरमा बिक्री गर्न गोदाममा राखिएको रासायनिक मल । लिमिटेडले दाङको घोराही उप-महानगरपालिका, बङ्लाचुली गाउँपालिका तथा रुकुम पश्चिम र रोल्पा जिल्लाका किसानलाई रासायनिक मल सहुलियत दरमा बिक्री गर्ने गर्दछ । तस्विरः कुलदीप न्यौपाने/रासस

# पूर्ण खोप दिगोपना सुनिश्चतता घोषणा गरिने

नवलपरासी । पश्चिम नवलपरासी जिल्लालाई आगामी २०८२ बैसाख महिनाभित्र पूर्ण खोप दिगो पना सुनिश्चिता जिल्ला घोषणा गरिने भएको छ। नेपाल सरकारको वार्षिक नीति कार्यक्रम अनुसार हरेक वर्ष सबै पालिकाहरुलाई पूर्ण खोप दिगो सुनिश्चितता जिल्ला घोषणा गर्ने लक्ष्य अनुरुप नवलपरासी पश्चिमलाई आगामी ८२ बैसाख महिनाभित्र पूर्ण खोप दिगोपना सुनिश्चिता जिल्ला घोषणा गरिने भएको हो ।

मंगलबार जिल्ला खोप समन्वय समितिको पहिला र जिल्ला प्रजनन् समन्वय समितिको दोस्रो बैठकमा उक्त निर्णय गरिएको हो । जिल्ला खोप समन्वय समितिका संयोजक भगवतिप्रसाद यादवको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको स्वास्थ्य कार्यालयका प्रमुख भेषराज शर्माले जानकारी दिए ।

बैठकले जिल्लाका तीनवटै नगरपालिकाहरु पूर्ण संस्थागत प्रसूति यूक्त पालिका घोषणा भैसकेको र सरावल, प्रतापपुर, सुस्ता र पाल्ही नन्दन गाउँपालिकाहरुलाई पूर्ण संस्थागत प्रसूतियूक्त पालिका घोषणा गर्ने कार्यको लागि उक्त गाउँ पालिकाहरुका वडाहरु पूर्ण संस्थागत प्रसूति यूक्त वडा घोषण गर्ने चरणमा रहेको हुँदा सबै सरोकारवालाहरुलाई उक्त कार्यमा लाग्न आग्रह गरेको छ।

बैठकमा जिल्लामा स्वास्थ्य क्षेत्रमा भएको लगानी सुनिश्चित गर्न आवश्यक रहेको हुँदा आगामी दिनमा स्वास्थ्य र शिक्षाका क्षेत्रमा ठोस लगानी गरी काम गर्न आवश्यक रहेको हुँदा त्यसतर्फ ध्यान दिएर काम अगाडि बढाउनु आवश्यक रहेकोमा बैठकले जोड दिएको छ । बैठकमा स्वाथ्य कार्यालयका प्रमुख भेषराज शर्मा ,रामग्राम नगरपालिकाका नगर उपप्रमुख सम्झना चौधरी , नेपाल पत्रकार महासंघका अध्यक्ष केशव पराजुली, इन्द्रेणी समाजका कार्यकारी निदेशक पुस्पराज आर्चाय, ग्रिन ताराकी सावित्री गिरीलगायतले जिल्लाको स्वास्थ्य क्षेत्रको अवस्थाका बारेमा सुझाब प्रस्तुत गरेका थिए ।

# विदेशबाट फर्केर बगरमा तरभुजाखेती



देउखुरी । लमहीका युवराज पौडेल दुई वर्ष साउदीअरब बसेर २०७५ सालमा नेपाल आए । यहाँ आएपछि के काम गर्ने भन्ने उनलाई अन्योल थियो । साउदीमा पानीको मात्रा धेरै भएको र माटो कम भएको देशमा खेती गरेर आत्मनिर्भर भएको देखेकाले नेपालमा पनि केही गरौ भन्ने सोंचाइ आएको उनले बताए । नेपालमा कृषिमा सम्भावना देखेकाले परीक्षणका लागि बगरमा तरभुजाखेती गरेको उनले जनाए । लमही नगरपालिका-६ ढिकपुरमा रहेको राप्ती नदीको बगरको १५ बिघा जमिनमा तरभुजाखेतीले हराभरा भएको छ । नेपाल बाहिरका विभिन्न देशमा रोजगारी गरी फर्किएका युवाहरुको लागत साझेदारीमा देशकै नमूना चक्लाबन्दी बगरखेती सञ्चालन गरेको पौडेलले बताए ।

उनले नेपालको जमिन बाँझो राखेर अर्काको भूमिमा पसिना बगाउनुभन्दा आफ्नै भूमिमा काम गर्न युवाहरुलाई सल्लाह दिन्छन् । युवा पलाएन रोकेर आफ्नो माटो हराभरा गरायो भने काम पनि हुने र आम्दानी पनि हुने उनको भनाइ छ । पाँचजना स्थानीयलाई कृषि फार्ममा रोजगारी दिएको र आफूले पनि खटेर काम गर्ने गरेको उनले जनाए । लगानीकर्ता पनि कामदार पनि दुवै बनेर खेतीपातीलाई समय दिने गरेको उनले बताए ।

सोही ठाउँका सुरज पाण्डे पनि विदेशबाट फर्केर तरभुजाखेतीमा लागेका छन् । उनी चार वर्ष दुबई बसेर फर्केर स्वदेशमै केही गर्नुपर्छ भनेर साथीहरुले सुरु गरेको तरभुजाखेतीमा जोडिएका छन् । फल दिँदै गरेका बिरुवाले हरियो भएको राप्तीको बगर लमहीमा रहेको उद्यमी बहुउद्देश्य सहकारीको व्यवस्थापनमा निजी कृषि फार्म तथा विभिन्न देशमा रोजगारी गरी फर्किएका युवाहरुको लागत साझेदारीमा देशकै नमूना चक्लाबन्दी खेती सञ्चालन गरेको उनले जनाए ।

लमहीमा रहेको उद्यमशील बहुउद्देश्यीय कृषि सहकारी संस्थाको व्यवस्थापनमा निजी कृषि फर्मबाट तरभुजाखेती सुरु भएको सहकारीका सचिव विश्वप्रकाश अधिकारीले जानकारी दिए । "सहकारीले जग्गा खोज्ने काम गरेको थियो, स्थानीय युवाले खेती गर्ने सोंचाइले जग्गाको माग गर्नुभयो र जग्गा उपलब्ध गराएको हो ।"-उनले भने ।

गर्मीको समयमा प्रशस्त फल्ने भएकाले दाङको हावापानीमा तरभुजा उत्पादन राम्रो हुने उनले बताए । प्रतिबिघा रु चार लाखदेखि पाँच लाख आम्दानी हुने आशा रहेको उनले सुनाए । मल्चिङ, खाल्डा खन्ने प्रविधि र लाइन बनाएर लगाउने तीन तरिकाले तरभुजा रोपण गरिएको छ । मल्चिङ प्रविधिबाट दाङमा खरभुजा खेती हुने गरेको छैन यो नै पहिलो अभ्यास गरेको उनी बताउँछन् ।

हरियो कला, ग्रेकल्दा, बाहिर हरियो, भित्र रातो, बाहिर हरियो, भित्र पहेँलो र बाहिर पहेँलो भित्र रातो गरी छ जातको तरभुजा रोपिएको छ । छोटो समयमा उत्पादन हुने र प्रतिफल धेरै हुने भएकाले तरभुजाखेती गरेको उनले बताए । उत्पादन भएको तरभुजा घोराही, तुलसीपुर, लमही, भालुवाङ, बुटवललगायतका शहरमा बिक्री गर्ने तयारी रहेको उनले जनाए । प्रदेश र स्थानीय सरकारले स्वदेशमै केही गर्न चाहने किसानलाई प्रोत्साहन गरेमा व्यवसायलाई निरन्तरता दिन सकिने उनको धारणा छ ।

# एक लाख १० हजार बिरुवा तयार गरिँदै



मध्यविन्दु (नवलपरासी) । डिभिजन वन कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)ले एक लाख १० हजारभन्दा बढी बिरुवा तयार गर्ने भएको छ । डिभिजन वन कार्यालय कावासोती र गैँडाकोट सबडिभिजन कार्यालय गरी दुईवटा नर्सरीमा विभिन्न प्रजातिका बिरुवा तयार गरिने भएको हो ।

आगामी असारभित्र वृक्षरोपण गर्न एक लाख १० हजार बिरुवा उत्पादन गरिएको डिभिजन वन कार्यालयका प्रमुख वसन्तकेशव अधिकारीले बताए । "नर्सरीमा बाँस, तेजपात, हर्रो, बर्रो, धुपी, कपुर, म्याडगोस्टिक, अशोक, सितलचिनी, निम, रुख कटहर, अम्बा, टाँकी, बडहर, जामुन, कल्की, टिकुमा, टिक, किम्बु, बकाइनो, पिपल,, अमला, लप्सी, चिउरी, भटमास घाँसलगायत बिरुवा छन् ।"-उनले भने ।

हुर्काएका बिरुवा आगामी असारदेखि वृक्षरोपणका निमित्त निःशुल्क वितरण गरिने भएको छ । गत वर्ष पनि वन कार्यालयमार्फत् एक लाख ६० हजार बिरुवा वृक्षरोपणका निम्ति निःशुल्क वितरण गरिएको प्रमुख अधिकारीले जानकारी दिए । "गत वर्ष एक लाख ३० हजार बिरुवा दुईवटा नर्सरीमा तयार गरिएको थियो, बहुवर्षीय र पहिल्यै तयार गरिएको बिरुवा गरेर एक लाख ६० हजार बिरुवा वृक्षरोपणका लागि वितरण गरेका थियौँ ।"-उनले भने ।

नर्सरीमा हुर्काइएका बिरुवा रोपणका निमित्त प्रत्येक वर्ष निःशुल्क वितरण गर्ने गरिएको छ । विशेषगरी निजी जमिनमा बिरुवा माग गर्ने उपभोक्ताले सौन्दर्यजन्य धुपी, कल्की फूल, गोलमोहर, वीरेन्द्र फूल, कपुरजस्ता बिरुवा लैजाने गरेको डिभिजन वन कार्यालयका सूचना अधिकारी शिशिर लम्साल बताउँछन् । "गत वर्ष बाँकी रहेको २० हजार र बहुवर्षीय २० हजार बिरुवा पनि हाम्रो नर्सरीमा रहेको छ", उनले भने-"जसमा बहुवर्षीय रुखका बिरुवा, बहुवर्षीय डाले घाँस, बहुवर्षीय फूल, सुगन्धित, जडीबुटीजन्य बिरुवाका साथै भूक्षय, कटान तथा पहिरो रोकथाम उपयोगी बाँस तथा अम्रिसो जातका बिरुवा तयार गरिएको छ ।"

वन कार्यालयको नर्सरीबाट प्रत्येक वर्ष बिरुवा उपलब्ध गराउन थालिएसँगै जिल्लामा पछिल्ला वर्ष वृक्षरोपण कार्यमा वृद्धि भएको छ । निजी, सार्वजनिक तथा संस्थागत सबैलाई निःशुल्क बिरुवा उपलब्ध गराउँदा वातावरणीय सन्तुलन, वातावरणीय सौन्दर्यीकरण, भूक्षय तथा कटान रोकथाम, पशुको आहारा घाँस परिपूर्तिमा टेवा पुग्ने अपेक्षा गरिएको सूचना अधिकारी लम्सालले बताए ।

"कार्यालयले बिरुवा वितरण गरेसँगै यहाँका विद्यालय, क्लब, टोल सुधार संस्था, धार्मिक मठमन्दिरले समेत वृक्षरोपणमा चासो देखाउन थालेका छन्", उनले भने-"नर्सरीमा बिरुवा उत्पादन गर्न थालेपछि अन्य जिल्लाबाट पनि यहाँ बिरुवा लिन आउने गरेको छन् ।"

# महिलालाई पञ्चेबाजा बजाउने प्रशिक्षण

पाल्पा । परम्परागत कला संस्कृतिको संरक्षण र जगेर्ना गर्नका लागि पाल्पाको रम्भा गाउँपालिकाका महिलालाई वाद्यवादनसम्बन्धी सीप प्रदान गरिएको छ । वडा नं. २ स्थित कोटथरका महिलालाई लक्षित गरेर पञ्चेबाजा बजाउने सीप प्रदान गरिएको हो ।

सिकाइ प्रवर्द्धन परियोजना गाउँपालिकाको आयोजनामा १० दिनसम्म पञ्चेबाजा बजाउने तालिम आयोजना गरी बजाउने सीप सिकाइएको छ । यहाँका २५ महिलालाई सहनाइ, ढोलक, दमाहा, झ्याली, टेम्को, नरसिम्हालगायत बाजा बजाउन सिकाइएको गाउँपालिकामा सिकाइ प्रवर्द्धन परियोजनाका तालिम अधिकृत कृष्ण कुँवरले जानकारी दिए ।

महिलालाई आयआर्जनतर्फ अग्रसर बनाउन कृषि, सिलाइकटाइ, ब्युटिपार्लर, पञ्चेबाजालगायतका विभिन्न सीपमूलक तालिम सञ्चालन गर्दै आइरहेको कुँवरले बताए । कलासंस्कृति संरक्षण मात्र नभई यस्ता खालका तालिमले महिलालाई आयआर्जनतर्फ अगाडि बढ्न सजिलो हुने कोटथर महिला समूहकी अध्यक्ष दिलमाया पाँडे मगर बताउँछिन् ।

बाजा बजाउने सीप प्रदान रोशन परियार र गनबहादुर सारुले गरेका हुन् । गाउँपालिका अध्यक्ष विष्णुप्रसाद भण्डारीले परम्परागत लोकसंस्कृति जगेर्ना गर्दै महिलालाई लक्षित गरेर सञ्चालन गरिएको यस तालिमपश्चात् आयआर्जनमा टेवा पुग्ने जनाए ।

स्थानीय तहले हिजोआज महिलालाई लक्षित गरेर वाद्यवादनसम्बन्धी तालिम तथा सीप सिकाउने कार्यक्रम सञ्चालन गर्न थालेका छन् । गाउँघरमा वाद्यवादनको क्षेत्रमा पुरुष नै अग्रसर हुने गरेकामा वाद्यवादनसम्बन्धी तालिम र सीप सिकेर महिला पनि अहिले वाद्यवादनको क्षेत्रमा सक्रिय हुने गरेका छन् ।

स्थानीय तहले वाद्यवादनसम्बन्धी विभिन्न कार्यक्रम आयोजना गरी सिकाउन थालेपछि यस क्षेत्रमा महिला अग्रसर बनेका छन् । घरको कामधन्दा सकाएर वाद्यवादन सीप सिक्ने कार्यमा महिलाको आकर्षण बढ्दो छ ।

**भाषण...**

'बुधबार शोक मनाउने कार्यक्रम रहेको हुँदा सिद्धार्थनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सो मातहतको वडा कार्यालयहरु, आधारभूत स्वास्थ्य केन्द्रहरु, सामुदायिक तथा संस्थागत विद्यालयहरु सो दिन सेवा प्रवाह र पठनपाठन स्थगित गर्ने तथा पूर्वनिर्धारित वार्षिक परीक्षाका कार्यक्रमहरु यथावत सञ्चालन हुनेछ ।'-नगरप्रमुख खाँले भने ।

बोहराको निधनले सिद्धार्थनगर नगरपालिका परिवार अत्यन्तै स्तब्ध मर्माहत र दुःखित भएको उनले बताए । 'उहाँको असामयिक निधनले राष्ट्रले एक समर्पित जनप्रतिनिधि गुमाएको छ,' नगरप्रमुख खाँले भने-'उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन, आफन्तजन तथा शुभचिन्तकहरुप्रति गहिरो समवेदना प्रकट गर्दछौं, शोकाकुल परिवारजनलाई यो कठिन घडीमा सहन गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दछौं ।'

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८१। १०।२९ गते परासीदेखि भैरहवा आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम :** अयोध्या अग्रहरि बनियाँ
**ठेगाना :** रोहिणी-५,रुपन्देही
**बिमालेख नं. :** २५११०७०८९
**सम्पर्क :** ९८२१५००४५३

## कावासोती नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)
गण्डकी प्रदेश,नेपाल
२०७३

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना

प्रकाशित मिति २०८१/१२/२०

यस कार्यालयबाट प्रथम पटक प्रकाशित ठेक्का नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आब्हान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क. समेत) | कैफियत |
|---|---|---|---|---|
| 25/REV/KM/ 2081/82 | Extraction of River Bed Material From Lokaha Khola (a) Uttar khanda | घिमिरे निर्माण सेवा कावासोती-१४ | १०,१७,०००.०० | |

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# शीतभण्डार प्रयोगमा आएपछि आलु भण्डारण गरिँदै



रामपुर (पाल्पा) । आलु भण्डारणका लागि गाउँमा शीतभण्डार अभावमा खेमराज रानाले भैरहवामा लैजाने गर्दथे । रामपुरबाट गाडीमा ढुवानी गरेर भैरहवा लैजान त्यत्ति सहज भने छैन । उत्पादित आलु बिग्रन नदिन ढुवानी खर्चेर सुरक्षितसाथ राख्न भैरहवास्थित शीतभण्डारणमा लैजाने गरेको उनले सुनाए ।

हिजोआज भने रानालाई आलु शीतभण्डारमा राख्न भैरहवा पुऱ्याउनुपरेको छैन । रामपुर नगरपालिका-२ भलायटारका उनले गाउँमै शीतभण्डार केन्द्र प्रयोगमा आएपछि धेरै सजिलो भएको बताए । यहाँ निर्माण भएको रामपुर शीतभण्डारमा रानाले माथिल्लो कृषक तरकारी समूहबाट ५० बोरा आलु ल्याएर राखेका छन् । सोमबारदेखि रामपुर नगरपालिकाले सूचना जारी गरेर शीतभण्डारमा किसानलाई आलु भण्डारण गर्न आह्वान गरी सुरु गरिएको हो । गत वर्ष पनि रानाले समूहमार्फत् ५० बोरा आलु राखेका थिए ।

"अघिल्लो वर्ष रामपुर शीतभण्डारमा राखेको आलु राम्रो भएपछि यस वर्ष पनि ल्याएर राखेका छौँ, गाउँघरमा नै चिस्यान केन्द्रमा राख्ने सुविधा भएपछि सजिलो भयो, यहाँ शीतभण्डार नबन्दासम्म भैरहवामा आलु राख्दै आएका थियौँ, अब भैरहवा लैजान दौडधुप गर्नुपरेन ।"-उनले भने । अहिले भण्डारण गरेर राख्ने र पछि बेमौसमी याममा निकालेर बिक्री गर्दा किसानले उचित मूल्य पाउने रानाको विश्वास छ ।

आफ्नै ठाउँमा शीतभण्डार हुँदा आलु सुरक्षितसाथ राख्न ढुक्क हुने गरेको रामपुर-६ का ७४ वर्षीय लेखनाथ पोखरेल बताउँछन् । शीतभण्डारको सुविधाले पछिल्ला वर्ष उत्पादन बढाउँदै गएको उनले जनाए । यस वर्ष उनले खायन र बीउ आलु गरेर १५ बोरा राख्ने तयारी गरेका छन् ।

"शीत भण्डारले किसानलाई धेरै सजिलो भएको छ, थोरै उत्पादन गर्ने तथा घरायसी प्रयोजनका लागि मात्र उत्पादन गर्ने किसानलाई भैरहवा, पोखरालगायत शीतभण्डारमा १०-१५ बोरा आलु बोकेर लैजाने र ल्याउने गर्न समस्या हुन्छ, रामपुरमै सुविधा भएपछि भण्डारण गर्न सजिलो, आफूलाई आवश्यक परेका बेला निकाल्न सकियो ।"-पोखरेलले भने ।

रामपुरको मात्र नभई स्याङ्जा चापाकोट नगरपालिकाबाट पनि एक हजार पाँच सय बोरा आलु राखिने तयारी भइरहेको रामपुर नगरपालिकाका कार्यवाहक नगरप्रमुख दोवराज तिवारीले जानकारी दिए । उनले नगरपालिकाले आलुको रेखदेखका लागि एक जना दैनिक हेरालु व्यवस्थापन गरिने बताए । अहिले कृषि शाखाका कर्मचारी परिचालन गरेर आलु राख्ने कार्य भइरहेको उनको भनाइ छ ।

"यसपटक तीन हजार पाँच सयदेखि चार हजार बोरा राख्ने अनुमान गरिएको छ, आलु राख्न धेरै ठाउँबाट सम्पर्क गरिरहनुभएको छ, स्थानीयलाई पहिला प्राथमिकता दिएका छौँ", उनले भने-"यहाँ राखिएको आलु नगरपालिकाले सुरक्षित साथ व्यवस्थापन गर्ने छ, सुरक्षितसाथ राख्न पाउँदा किसान उत्साहित हुनुहुन्छ ।"

यहाँ राख्न ल्याइएका आलु राख्ने र निकाल्ने व्यवस्था पनि नगरपालिका आफैँले गरिरहेको छ । प्रतिकिलो रु ६ का दरले किसानसँग भण्डारण शुल्क लिएर राख्ने गरिएको रामपुर नगरपालिका कृषि शाखाका कर्मचारी युवराज नेपालीले जानकारी दिए ।

उनका अनुसार यहाँ गत वर्ष तीन हजार ३७० बोरा बीउ तथा खायन आलु भण्डारण गरिएको थियो ।

यहाँ शीतभण्डार निर्माण भएपछि यसभन्दाअघि तीनपटक आलु भण्डारण सुविधा किसानले लिइसकेका छन् । पहिलो वर्ष परीक्षणका रूपमा राखिएका केही आलुमा उम्रने समस्या आएपछि पुनः मर्मतसम्भार गरेर सञ्चालनमा ल्याइयो । दोस्रो र तेस्रो वर्ष राम्रो भण्डारण भएपछि किसानले बाहिरका शीतभण्डारमा आलु लैजान छाडेका छन् । अहिले राखिएको खायन आलु भदौ र असोजमा निकालिने छभने बीउ प्रयोजनका लागि राखिएको आलु कात्तिकमा सार्वजनिक सूचना प्रकाशन गरेर निकालिने जनाइएको छ ।

किसानले उत्पादन गरेका कृषि उपजलाई सुरक्षित तरिकाले भण्डार गरेर राख्नका लागि तीन सय मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण गरी प्रयोगमा ल्याएको नगरप्रमुख रमणबहादुर थापा बताउँछन् । रामपुर क्षेत्रमा आलु धेरै उत्पादन हुने गरेकाले आलुबाली सुरक्षितसाथ राख्न किसानलाई धेरै सजिलो भएको नगरप्रमुख थापाले बताए ।

नगरपालिकाले पहिलो वर्ष बोलपत्रमार्फत् रम्भा गाउँपालिका-१ हुँगीका भगवती अधिकारी न्यौपानेलाई, दोस्रो र तेस्रो वर्ष सूर्योदय कृषि सहकारीसँग सम्झौता गरेर सञ्चालन गरेको थियो भने चौथो वर्ष नगरपालिका आफैँले व्यवस्थापन गरेर सञ्चालन गर्ने जनाइएको छ ।

विसं २०७८ बैशाखमा निर्माण सम्पन्न गरी शीतभण्डार प्रयोगमा ल्याइएको हो । यो पाल्पाको सबैभन्दा ठूलो क्षमताको शीतभण्डार रहेको छ । लुम्बिनी प्रदेश सरकारको सर्शत अनुदानमा रबिना र अभिसा जेभी कन्ट्रक्सन प्रालिले संयुक्त रूपमा रु तीन करोड २६ लाख ७६ हजार ५६६ मा ठेक्का सम्झौता गरी निर्माण गरिएको हो । फरकफरक क्षमताका पाँच कोठामा नै भण्डारण गर्न मिल्नेछ ।

# देवदहमा मङ्गलपुष्करिणी दह धार्मिक महोत्सव



**गोविन्द घर्ती**

*देवदह*

रुपन्देहीको देवदहमा श्रीमद्भागवत महापुराण तथा मङ्गलपुष्करिणी दह धार्मिक महोत्सव-२०८१ आयोजना हुने भएको छ । ऐतिहासिक, धार्मिक र पर्यटकीय महत्व बोकेको देवदह-९, को मङ्गलपुष्करिणी दहमा श्रीमद्भागवत महापुराण तथा मङ्गलपुष्करिणी दह धार्मिक महोत्सव हुने पत्रकार सम्मेलन गरी जानकारी गराइएको हो ।

देवदह नगरपालिका-९, वडा कार्यालयको आयोजनामा चैत्र २१ देखि २८ गतेसम्म श्रीमद्भागवत महापुराण तथा मङ्गलपुष्करिणी दह धार्मिक महोत्सव हुने वडाअध्यक्ष मोहनबहादुर जिसीले जानकारी दिए । मूल आयोजक समिति संयोजक जिसीले देवदह दहको संरक्षण, छाडा चौपाया व्यवस्थापन तथा सन्दिप आधारभूत विद्यालय व्यवस्थापनको लागि महोत्सव आयोजना गरिएको बताए । प्राचीन समयमा राजा तथा ऋषि-तपस्वीहरूले स्नान गर्ने पवित्र स्थल देवदह दह भएकाले यसको संरक्षण र प्रचारप्रसार आवश्यक रहेको जिसीले जानकारी दिए ।

उनले महोत्सव एब लाखले भक्तजनले अवलोकन गर्ने र करिव १ करोडको कारोवार हुने वडाअध्यक्ष जिसीले जनाए । उनले महोत्सवबाट संकलन गरिएको रकमबाट देवदह दहको संरक्षण, देवदह-९, मा रहेको गौशालालाई व्यवस्थित गर्ने र सन्दिप आधारभूत विद्यालयको स्तरउन्नती गर्ने जानकारी दिए ।

महोत्सवअन्तर्गत चैत्र १९ गते पत्रकार सम्मेलनमा बोल्दै वडाध्यक्ष जिसीले शान्तिले मात्र समृद्ध नगर बनाउन सकिने भएकोले देवदह दह लाई ध्यानकेन्द्रको रुपमा विकास गर्दै जाने बताए ।

पत्रकार सम्मेलनमा देवदह नगरपालिकाका पूर्व नगर प्रमुख हिराबहादुर खत्रीले देवदह दह यस क्षेत्रकै महत्वपूर्ण धार्मिक तथा पर्यटकीय गन्तव्य भएको उल्लेख गरे । उनले यस क्षेत्रको विकास र प्रचार प्रसारका लागि स्थानीय तहले निरन्तर योगदान दिँदै आएको बताउँदै पुरातत्व विभागले उत्खनन् र प्रमाणीकरणलगायतका कार्यमा ढिलाइ गर्न नहुने बताए । उनले देवदहको धेरै ठाउमा उत्खनन् गरिसकेको भए पनि प्रमाणिकरण हुन नसकेको बताए ।

महोत्सव अवधिभर विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिनेछ । चैत्र २१ गते बौद्ध गुरुहरूले दह शुद्धीकरण पूजाको आरम्भ गर्नेछन् भने चैत्र २२ गते शोभा कलश यात्रा पछि महोत्सवको औपचारिक उद्घाटन गरिनेछ । महोत्सव अवधिभर प्रत्येक दिन पूजा-अर्चना, पाठ पारायण, कथा प्रवचन, राष्ट्रिय कलाकारहरूको भजन तथा झाँकी प्रदर्शन गरिने आयोजकले जनाएको छ । कार्यक्रममा कथावाचक पं. चन्द्रकान्त काफ्लेले संगीतमय श्रीमद्भागवत कथा वाचन गर्नेछन् ।

# न्यू होराइजन कलेजद्वारा शुभकामना र बिदाइ



तिलोत्तमा । न्यू होराइजन कलेज (होराइजन (जीबीएस) ड्राइभरटोल, रुपन्देहीमा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरुद्वारा कक्षा १२ को वार्षिक परीक्षाको तयारीमा रहेका विद्यार्थीहरुलाई शुभकामना तथा बिदाइ सम्पन्न गरेका छन् ।

बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भएको कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड बुटवलका प्रमुख रमाकान्त तिवारीले विद्यार्थीहरुलाई परीक्षामा निर्धक्क भई जाँच दिन आग्रह गर्दै गुरुहरुले देखाएको मार्गलाई पछ्याउँदै अगाडि बढेमा जीवनमा कहिले पनि पछाडि फर्कन नपर्नेमा जोड दिए । विद्यालयका प्राचार्य गोपालप्रसाद आचार्यले विद्यार्थीहरूले आफ्नो लक्ष्यमा ध्यान केन्द्रित गर्दै अध्ययन गर्नु पर्ने सुझाव दिए ।

संस्थाका अध्यक्ष ज्ञानेन्द्रप्रसाद कसजूले कक्षा १२ को बोर्ड परीक्षामा ४ जिपिए ल्याउने विद्यार्थीहरुलाई कलेजले गोल्ड मेडलले सम्मान गर्ने समेत बताए ।

कार्यक्रममा उप-प्राचार्य इन्द्र भुसाल, बलबहादुर खड्का, विद्यार्थी झरना भण्डारी, अनुष्का पन्थ र प्रकृती ज्ञवाली, अतिरिक्त क्रियाकलाप प्रमुख डा. मुरारि पराजुली, विज्ञान सङ्काय कक्षा ११ का कृतिम भट्टराईलगायतले बोलेका थिए ।

कार्यक्रममा कक्षा १२ को रशायनशास्त्र, गणित, भौतिकशास्त्र, कम्प्यूटर विज्ञान आदि विषयको परियोजना कार्य प्रोजेक्ट वर्कमा प्रथम द्वितीय एवम् तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो । विद्यालयको दोस्रो त्रैमासिक परीक्षामा प्रथम, द्वितिय, तृतीय हुने विद्यार्थीहरुलगायत कक्षा ११ र १२ का हरेक सेक्सनबाट प्रथम, द्वितीय एवम् तृतीय हुने विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो ।

विद्यालयभन्दा बाहिर सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापमा विजयी विद्यार्थीहरुलाई समेत सम्मान गरिएको थियो । यसैगरी कक्षा ११ र १२ को अध्ययन पछि विभिन्न विधामा पूर्णछात्रवृत्तिमा नाम निकाल्न सफल एवम् गोल्ड मेडल प्राप्त गर्ने विद्यार्थीहरुलाई पनि सम्मान गरिएको थियो । विभिन्न विधामा उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरुलाई जनही रु१० हजारका दरले सात जना विद्यार्थीलाई होराइजन रत्न पुरस्कारद्वारा सम्मान गरिएको थियो ।

कराँते खेलबाट जिल्ला, प्रदेश, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय कराँते प्रतियोगितामा भाग लिई विभिन्न मेडलसहित गोल्ड मेडल प्राप्त गर्न सफल गौरव पौड्याललाई स्टुडेन्ट अफ द इयर को पुरस्कारद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रममा कक्षा ११ र १२ का विद्यार्थीहरुले गीत तथा नृत्यहरू प्रस्तुत गर्नुका साथै विद्यालयकै व्याण्डको प्रस्तुतिसमेत रहेको थियो ।

# लुम्बिनीमा उपकुलपति अन्तर्राष्ट्रिय सम्मेलन हुँदै



भैरहवा । लुम्बिनी बौद्ध विश्वविद्यालयले यही चैत २० र २१ गते लुम्बिनीमा अन्तरराष्ट्रिय उपकुलपति सम्मेलन आयोजना गर्दैछ । विश्वविद्यालय अनुदान आयोगको सहयोग तथा ग्लोबल युनिभर्सिटी नेटवर्कको सहकार्यमा भोलिदेखि हुने दुईदिने उपकुलपति सम्मेलन लुम्बिनीस्थित बौद्ध विश्वविद्यालयमा हुनेछ ।

सम्मेलनमा बौद्ध धर्म तथा दर्शन, प्राज्ञिक मूल्यमान्यता, विद्यमान अवस्थामा उच्च शिक्षाको चुनौती र अवसरलगायत समसामयिक विषयमा छलफल तथा विचारविर्मश हुने बौद्ध विश्वविद्यालयलले जनाएको छ । सोही अवसरमा १८औँ 'न्यूज सम्मेलन' समेत आयोजना हुने बताइएको छ ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्राडा सुवर्णलाल बज्राचार्यले सम्मेलनका अवसरमा उच्च शिक्षामा बौद्ध दर्शन, प्राज्ञिक नेतृत्वमा बौद्ध दर्शन र नैतिकता, चौथो औद्योगिक क्रान्तिमा उच्च शिक्षाको अन्तरराष्ट्रियकरण, नेपालमा उच्च शिक्षाका चुनौती र अवसरलगायत विषयमा छलफल तथा बहस केन्द्रित हुने जानकारी दिए ।

सम्मेलनमा मानव संसाधन व्यवस्थापनमा बौद्ध दर्शनको उपयोग, श्रमबजारमा कृत्रिम बौद्धिकता (एआइ)को प्रयोग, उच्च शिक्षाका लागि क्षेत्रीय सहयोग र सञ्जाल निर्माण तथा मानव संसाधन व्यवस्थापनमा संस्थागत भूमिलगायत विषयमा २४ वटा कार्यपत्र प्रस्तुत हुने बताइएको छ ।

यसैगरी, नेपालबाहेक ११ देशका अध्येताहरुले समेत सम्मेलनमा कार्यपत्र प्रस्तुत गर्ने सो विश्वविद्यालयले जनाएको छ ।

उपकुलपति सम्मेलनमा नेपालसहित भारत तथा जापानस्थित विभिन्न विश्वविद्यालयका उपकुलपतिहरुको सहभागिता रहनेछ । यसैगरी नेपालस्थित विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष, मध्यपश्चिम विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, राजर्षिजनक विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, नेपाल विश्वविद्यालय, विदुषी योगमाया हिमालय आयुर्वेद विश्वविद्यालयका उपकुलपतिको सहभागिता रहनेछ ।

त्यस्तै, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिको पनि सम्मेलनमा सहभागिता हुने बताएको छ । लुम्बिनी प्राविधिक विश्वविद्यालय, गण्डकी विश्वविद्यालय, मधेस विश्वविद्यालयका उपकुलपति तथा नेपाल संस्कृत विश्वविद्यालय र काठमाडौँ विश्वविद्यालयका रजिष्ट्रार समेत सो अवसरमा सहभागी हुने आयोजकले जनाएको छ ।

त्यस्तै, सम्मेलनमा लुम्बिनी बौद्ध विश्वविद्यालयसहित अन्य विश्वविद्यालयका पूर्वउपकुलपतिहरुलाई समेत आमन्त्रण गरिएको छ । उपकुलपति सम्मेलनमा बौद्ध शिक्षाको विश्वव्यापीकरण तथा उच्च शिक्षाका चुनौती र अवसरका विषयमा हुने छलफलबाट प्राप्त निष्कर्षलाई लुम्बिनी घोषणापत्रका रुपमा सार्वजनिक गरिने लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार डा.तिलकराम आचार्यले बताए ।

उपकुलपति सम्मेलनमा एकै चरणमा तीन सत्रमा छलफल हुने कार्यक्रम छ । 'चौथो औद्योगिक क्रान्तिका लागि उच्च शिक्षाः वैश्विक गतिशीलता, बौद्ध ज्ञान र शैक्षिक सहकार्य', 'नेपालमा उच्च शिक्षाका चुनौती र अवसरः वैश्विक गतिशीलता, बौद्ध ज्ञान र शैक्षिक उत्कृष्टताको समावेश' र 'नेपालमा वैकल्पिक चिकित्सा प्रवर्द्धनः दिगो विकास लक्ष्यसँगको सहकार्य' विषयक कार्यपत्र प्रस्तुत भई विचार-विमर्श हुने विश्वविद्यालयले जनाएको छ ।

उपकुलपति सम्मेलनमा बिहान ९:०० देखि साँझ ५:०० बजेसम्म विषयगत सत्रहरु सञ्चालन हुने अन्तरराष्ट्रिय सम्बन्ध केन्द्रका संयोजक राजेन्द्र घिमिरेले जानकारी दिए ।

उद्घाटन सत्रमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीसहित सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका प्रतिनिधि, व्यावसायिक सङ्घ/संस्थाका प्रतिनिधि, शैक्षिक संस्थाका प्रमुख, अध्येता तथा अनुसन्धानकर्ताहरुको सहभागिता रहने जनाइएको छ ।

सम्मेलनमा नेपाल, कम्बोडिया, चीन, जर्मनी, भारत, जापान, लाओस्, म्यान्मार, श्रीलङ्का, थाइल्याण्ड र भियतनामका विज्ञ तथा अध्येताहरुको सहभागिता रहने लुम्बिनी बौद्ध विश्वविद्यालयले जनाएको छ ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com